लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
बडाचौर, रोल्पा

पत्र संख्या:
~~चलानी~~ नम्बर: ४८
सूचना

लुम्बिनी प्रदेश, नेपाल ।

# व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने सम्बन्धी सूचना

(सूचना मितिः २०८०/१२/३०)

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चलानी नम्बर ३६१, मिति २०८०/१२/२३ गतेको प्राप्त पत्रानुसार व्यक्तिको कानूनी पहिचान स्थापित गर्न, राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिका लागि व्यक्तिगत घटना दर्ता आवश्यक रहेकोले सो सम्बन्धि जनचेतना अभिवृद्धि गर्न प्रत्येक बर्ष बैशाख महिनाको पहिलो हप्ता ब्यक्तिगत घटना दर्ता सप्ताह मनाईदै आइरहेकोमा यस बर्ष पनि लुङ्ग्री गाउँपालिकामा देहायका कार्यक्रम सञ्चालन गरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउनका लागि निर्णायानुसार अनुरोध छ।

देहाय:

| सि.नं. | कार्यक्रम |
|---|---|
| १ | गापा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा जनप्रतिनिधिबाट विभिन्न कार्यक्रम, आमभेला तथा भेटघाटमा स्थानीयवासीलाई ब्यक्तिगत घटना दर्ता गर्न अनुरोध गर्ने। |
| २ | सबै वडाका सबै विद्यालयमा प्रार्थना सभामा विद्यालयले ब्यक्तिगत घटना दर्ताको महत्वबारे जानकारी दिने। |
| ३ | गाउँपालिकाको कार्यालय र प्रत्येक वडामा सन्देशमूलक ब्यानर राख्ने। |
| ४ | गाउँपालिकाको वेभसाईटमा सन्देशमूलक सूचना पपअप राख्ने र सामाजिक सञ्जालमा पनि सन्देशमूलक सूचना राख्ने। |
| ५ | रेडियो तथा अनलाइन मिडियाले अनुमति मागेमा जनप्रतिनिधि तथा स्थानीय पञ्जीकाधिकारीले अन्तर्वार्ता दिने। |
| ६ | स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट ब्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतनामुलक सामाग्री प्रशारण गर्ने । |

हिमालय थापा
MIS अपरेटर

..............................
(जीत बहादुर परियार)
प्रमुख प्रशासकीय अधिकृत